**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरणको सहयोगमा सञ्चालन भएका क्रमागत योजनाहरु सम्पन्न गर्नका लागि**

## ........................ गाउँपालिका/नगरपालिका

## .................... जिल्ला

**र**

**स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (संघीय कार्यालय)**

**बीच सम्पन्न**

# समझदारी–पत्र

मितिः २०७४ श्रावण/भाद्र .... गते

# पृष्ठभूमि

१. नेपाल सरकार र फिनल्याण्ड सरकार वीच वि.सं. २०७० भाद्र ३१ (तदनुसार १६ सेप्टेम्बर, २०१३) मा भएको पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरणको परियोजना सम्झौता एवं परियोजनाको सुपरिवेक्षण समितिबाट वि.सं २०७१ जेष्ठ २७ (तदनुसार १० जुन, २०१४) मा स्वीकृत परियोजना दस्तावेजको प्रावधानहरु र मिति २०७४ आषाढ २ गते (तदनुसार १६ जुन २०१७) को परियोजना सुपरिवेक्षण समितिको निर्णय द्वारा प्रदत्त अधिकार प्रयोग गरी यो समझदारी-पत्र तयार गरिएको छ ।

२. यस समझदारी पत्रमा ..................... **गाउँपालिका/नगरपालिका** (यसपछि गाउँपालिका/नगरपालिका भनिएको) र **स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग** (यसपछि विभाग भनिएको) ले हस्ताक्षर गरी **पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण** (यसपछि परियोजना भनिएको) को सहयोगमा संचालित अनुसूची १ मा उल्लेख भएअनुसार गत आर्थिक बर्षका क्रमागत निर्माणाधीन योजना सम्पन्न गर्नका लागि सहमति गरिएको छ ।

३. परियोजना लागू भएका क्षेत्रका बासिन्दाहरुको लागि खानेपानी र सरसफाइमा समान पहूँच पुऱ्याउने, स्वास्थ्य तथा सामाजिक र आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्यले वि.सं २०७० भाद्र ३१ गते तदनुसार सेप्टेम्बर १६, २०१३ मा नेपाल सरकार र फिनल्याण्ड सरकार बीच पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) कार्यान्वयनको लागि सम्झौता सम्पन्न भएको हो । यो परियोजना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय/विभागको मातहतमा सञ्चालनमा रहेको छ ।

४. परियोजनाले अर्घाखाँची, बाग्लुङ, गुल्मी, कपिलवस्तु, मुस्ताङ्ग, म्याग्दी, नवलपरासी, पाल्पा, पर्वत, प्युठान, रोल्पा, रुपन्देही, स्याङ्जा र तनहुँ गरि १४ वटा जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता (यसपछि वास भनिएको) क्षेत्रको विकास र कार्यान्वयनमा सहयोग गरिरहेको छ ।

५. परियोजना दस्तावेज (मार्च, २०१३) र परियोजना सुपरिवेक्षण समितिद्वारा परियोजना दस्तावेज, निर्देशिका तथा नियमावलीमा भएका संशोधनहरु मान्य हुनेछन् । परियोजनाको लागू भइरहेका विद्यमान निर्देशिका र नियमावलीहरु निरन्तर रुपमा लागू हुनेछन् । जिल्लासंग सम्बन्धित विषयवस्तुहरु गाउँपालिका/नगरपालिका तहमा समायोजन गरी निरन्तरता दिइनेछ ।

६. गाउँपालिका/नगरपालिकाले यो समझदारीपत्रमा हस्ताक्षर गरेपछि गाउँपालिका/नगरपालिकामा गत आर्थिक बर्षको बार्षिक कार्ययोजनामा अनुसार क्रमागत रुपमा सञ्चालन भएका योजनाहरु तोकिएको समय भित्र पुरा गर्नका लागि प्रतिबद्ध हुनेछ। गाउँपालिका/नगरपालिका साविकको जिल्ला विकास समितिको कार्यालय, गाउँ विकास समितिको कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौता पत्रमा उल्लेख गरेबमोजिमको क्रमागत योजनाको लागि दिनुपर्ने समपुरक कोषको रकम बाँकी भएमा सो समपुरक कोषको रकमसम्बन्धित उपभोक्ता समितिको खातामा निकासा गर्नका लागि गाउँपालिका/नगरपालिका प्रतिबद्ध हुनेछ।

७. गाउँपालिका/नगरपालिकाले क्रमागत योजनासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन तयारीको लागि सहयोग गर्नेछ। गाउँपालिका/नगरपालिका उपभोक्ता समितिलाई क्रमागत योजनाको नापी किताब बमोजिम अन्तिम भुक्तानी दिए पछि पनि गाउँपालिका/नगरपालिकाको खातामा बजेट बाँकी रहेमा नेपाल सरकार र फिनल्याण्ड सरकार तर्फको बजेट परियोजनाले तोकेको बैंक खातामा फिर्ता गर्नेछ।

८. परियोजनाले बार्षिक कार्ययोजना अनुसार सार्वजनिक निर्माणका क्रमागत योजनाहरु सम्पन्न गर्नका लागि आवश्यक पर्ने बाँकी पुँजीगत बजेट प्रदान गर्नेछ।

९. जिल्ला समन्वय समितिको मातहतमा रहने प्राविधिक सहयोग इकाइले बाँकी रहेका क्रमागत योजनाहरु सम्पन्न गर्नका लागि प्राविधिक सहयोग प्रदान गर्नेछ। उक्त ईकाइ जिल्ला समन्वय समितिको सचिवको निर्देशनमा सञ्चालन हुनेछ। परियोजनाले तोकेको वास सल्लाहकार/परियोजना प्रतिनिधिले प्राविधिक सहयोग इकाईमा रहेर गाउँपालिका/नगरपालिका र खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई आवश्यक सहयोगका लागि समन्वय गर्नेछ।

१०. गाउँपालिका/नगरपालिकाको समपूरक कोष (अनुसूची १) बार्षिक कार्य योजना अनुसार सोही आर्थिक बर्षमा निकासा र प्रयोग भएको हुनुपर्नेछ। रकम प्राप्त भएको र खर्च भएको महिनामा गाउँपालिका/नगरपालिकाले वासकोषसँग सम्बन्धित सम्पूर्ण खर्चको विवरण र आर्थिक प्रतिवेदन तोकिएको ढाँचामा परियोजनालाई उपलब्ध गराउनेछ।

११. गाउँपालिका/नगरपालिका सम्पूर्ण आर्थिक कारोबारहरुको पारदर्शिता कायम गर्नका लागि जिम्मेवार रहनेछ। वास कोषबाट हुने सम्पूर्ण खर्च परियोजनाको निर्देशिकामा व्यवस्था भएबमोजिम हुनेछ।

१२. परियोजनाले तोकेको अधिकार प्राप्त प्रतिनिधिले गाउँपालिका/नगरपालिका वास कोषको लेखा र आर्थिक कारोबारको विवरणको नियमित अनुगमन गर्नेछ। उक्त अनुगमनको प्रतिवेदन सोही स्थलमा नै तयार गरि दुवै तर्फबाट हस्ताक्षर गरि एक/एक प्रति सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

१३. गाउँपालिका/नगरपालिकामा सञ्चालित क्रियाकलापहरु निर्धारित गुणस्तर, स्वीकृत कार्ययोजना एवं यस समझदारी पत्र बमोजिम भएको नपाइएमा गाउँपालिका/नगरपालिकाको कोष रोक्का गर्ने, वार्षिक बजेट कटौती गर्ने तथा सम्झौता रद्ध समेत गर्न सक्ने अधिकार परियोजनामा रहनेछ ।

१४. यदि परियोजना अवधिभित्र नेपाल सरकारको कुनैपनि संस्थागत संरचना परिवर्तन भएमा यस समझदारी पत्रमा उल्लेख भएका सम्पूर्ण जिम्मेवारीहरु स्वतः नयाँ कायम भएको संरचनामा जानेछ ।

१५. यो समझदारी पत्रमा उल्लेखित कुनै बुँदालाई पुनरावलोकन (थप स्पष्ट पार्न, थपघट गर्न, संशोधन गर्न) गर्न आवश्यक भएमा दुवै पक्षको आपसी सहमतिमा गर्न सकिनेछ । यदि कुनै असमझदारी वा विवाद उत्पन्न भई नीतिगत तहबाट निर्णय गर्नु परेमा परियोजनाको सुपरिवेक्षण समितिबाट निर्णय गरी समाधान गरिनेछ र यसका लागि सुपरिवेक्षण समितिको निर्णय नै अन्तिम हुनेछ ।

१६. यो समझदारी पत्रमा हस्ताक्षर गरेर दिगो विकासका लक्ष्य तर्फ विशेषगरी खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजनाहरुको कार्यान्वयनमा निरन्तर रुपमा अग्रसरताका लागि दुबै पक्ष प्रतिबद्ध छन ।

१७. यो समझदारी पत्रको अवधि क्रमागत योजनाहरु सम्पन्न भएलगत्तै सकिनेछ, यदि कुनै कारणवश उक्त योजनाहरु सम्पन्न हुन नसकेमा यो समझदारी पत्र सन् २०१९, जुलाई १५ सम्म मान्य रहनेछ । त्यसपश्चात् उक्त योजनाहरु आफ्नै श्रोतबाट सम्पन्न गर्नका लागि गाउँपालिका/नगरपालिका जिम्मेवार रहनेछ ।

मितिः वि.सं. २०७४/......./........ (तदनुसार ई.सं २०१७/........./ ........)

स्थान : ...................................

## हस्ताक्षर

| **गाउँपालिका/नगरपालिकाको तर्फबाट** | **विभागको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः .................................. | हस्ताक्षरः ...................................... |
| नाम : श्री ...................................... | नाम : श्री जीवन कुमार श्रेष्ठ |
| पद : अध्यक्ष/प्रमुख | पद : महानिर्देशक |
| कार्यालयको छापः | कार्यालयको छापः |

**रोहबरमा,**

**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) को तर्फबाट**

| | |
|---|---|
| हस्ताक्षरः ................................. | हस्ताक्षरः ........................................ |
| नाम : श्री सान्ना-लीना राउतानेन | नाम : श्री महेन्द्र बहादुर बानियाँ |
| पद : प्रमुख प्राविधिक सल्लाहकार | पद : राष्ट्रिय परियोजना संयोजक |
| कार्यालयको छापः | कार्यालयको छापः |

| **जिल्ला समन्वय समितिको तर्फबाट** | **गाउँपालिका/नगरपालिकाको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः ............................. | हस्ताक्षरः ............................. |
| नामः श्री .............................. | नामः श्री .............................. |
| पदः .................................... | पदः कार्यकारी अधिकृत |
| कार्यालयको छापः | कार्यालयको छापः |

अनुसूची १ : ............... गाउँपालिका/नगरपालिकामा रहेका क्रमागत योजनाहरुको सूची

| क्र.सं. | योजनाको नाम | प्रकार | योजना सञ्चालन हुने स्थान ( साविकको गाविस, वडा) | योजना सञ्चालन हुने स्थान (नयाँ वडा, टोल) | सुरु भएको मिति | बाँकी रहेको कामको प्रतिशत | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |